# बिर्तामोड नगरपालिकाको राजपत्र

बिर्तामोड, झापा, कोशी प्रदेश

| | | |
|---|---|---|
| वर्ष : २०८१ | खण्ड : ५ | सङ्ख्या : १ |

भाग २


# टेक बहादुर गिरी बसपार्क सञ्चालन तथा बजार व्यवस्थापन कार्यविधि - २०८१

प्रमाणीकरण मिति : २०८१ वैशाख २६ गते

**प्रस्तावना :**

अर्जुनधारा नगरपालिका वडा नं ११ मा रहेको टेक बहादुर गरी बसपार्क क्षेत्रको आर्थिक, सामाजिक तथा भौतिक विकास गर्दै बसपार्कको व्यवस्थित सञ्चालन तथा बजारको व्यवस्थापन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा ११ को

उपदफा (७) एवं दफा १०२ बमोजिम, बिर्तामोड नगरपालिका नगर कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम " टेकबहादुर गिरी बसपार्क सञ्चालन तथा बजार व्यवस्थापन कार्यविधि,२०८१" रहेको छ ।

(२) यो कार्यविधि नगर राजपत्रमा प्रकाशन भएपश्चात लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(१) "दुवै पालिका" भन्नाले अर्जुनधारा नगरपालिका र बिर्तामोड नगरपालिकालाई सम्झनुपर्नेछ ।

(२) "नगर कार्यपालिका" भन्नाले बिर्तामोड नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्नेछ ।

(३) "बसपार्क" भन्नाले अर्जुनधारा नगरपालिका वडा नं ११ मा रहेको टेकबहादुर गिरी बसपार्क लाई सम्झनुपर्नेछ ।

(४) "समिति" भन्नाले दफा ५ बमोजिम गठन हुने बसापार्क व्यवस्थापन समितिलाई सम्झनुपर्नेछ ।





## परिच्छेद - २

### बसपार्क सञ्चालन, व्यवस्थापन तथा आय संकलन

३. **बसपार्कको सञ्चालन तथा व्यवस्थापनः**

बसपार्कको सञ्चालन तथा व्यवस्थापन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(१) बसपार्कसम्म सबै प्रकार र प्रकृतिका यात्रुवाहक सवारीका साधन सहज रुपमा विना अवरोध पुग्न सक्ने गरिको आफ्नो क्षेत्र भित्रको पहुँच मार्गको निर्माण तथा मर्मत सम्भार,

(२) बसपार्कको लागि आवश्यक ढल तथा पानिको निकासका लागि कभर सहितको सतह नाला निर्माण,

(३) ट्राफिक पोस्ट निर्माण,

(४) उज्यालोको लागि आवश्यक बत्तिको व्यवस्थापन,

(५) सुरक्षाको व्यवस्था

(६) बसपार्क भित्र फोहोरमैला सङ्कलन स्थलको व्यवस्थापन र बसपार्कको दैनिक सरसफाईको व्यवस्था,

(७) बसपार्क भित्र पर्ने स्थानको पहुँच मार्ग निर्माण,

(८) बसपार्क भित्र आवश्यक पार्किङ्ग स्थल, टर्मिनल भवन, शौचालय, स्नान गृह, खानेपानी, यात्रु प्रतिक्षालय, यात्रु आराम कक्ष, वाल उद्यान, टिकट काउण्टर, पसल कवल, चमेना गृह, मनोरञ्जल स्थल वा कक्ष, सुरक्षाका लागि प्रहरी पोस्ट,समितिका लागि आवश्यक कार्यकक्ष

(९) आन्तरिक बिजुली बत्तिको व्यवस्थापन

४. **कर तथा शुल्कको व्यवस्थापन:**
वसपार्कको कर तथा शुल्कको संकलन तथा व्यवस्थापन देहाय वमोजिम गर्नुपर्नेछ:

(१) वसपार्क भित्र प्रवेश गर्ने सवारी साधनमा लाग्ने प्रवेश शुल्क तथा पार्किङ्ग शुल्कको आय संकलनका लागि विर्तामोड नगरपालिकाले ठेक्का वन्दोवस्त गर्नेछ ।

(२) उपदफा (१) वमोजिम शुल्क निर्धारण गर्दा अर्जुनधारा नगरपालिकासँग समेत परामर्श लिनुपर्नेछ ।

(३) उपदफा (१) वमोजिम प्राप्त आयको ६० प्रतिशत विर्तामोड नगरपालिकाले र ४० प्रतिशत अर्जुनधारा नगरपालिकाले प्राप्त गर्ने गरी वाँडफाँड गर्नुपर्नेछ ।

(४) वसपार्कभित्र रहेका संरचनाहरुको भाडा विर्तामोड नगरपालिकाले संकलन गर्ने । ती संरचनाहरुमा संचालित व्यवसायवाट कर तथा घर वहाल कर अर्जुनधारा नगरपालिकाले संकलन गर्ने ।

## परिच्छेद - ३

### समिति सम्वन्धि व्यवस्था

५. **समितिको गठन:**
वसपार्कको सञ्चालन, व्यवस्थापनका लागि एक वसपार्क व्यवस्थापन समितिको गठन गरिनेछ ।

(१) समितिको गठन देहाय वमोजिम हुनेछ:

क. दुवै पालिकाको प्रमुख - संरक्षक





ख. अर्जुनधारा नगरपालिका वडा नं ११ र विर्तामोड नगरपालिका वडा नं ५ का वडा अध्यक्ष- अध्यक्षता आलोपालो गर्नुपर्नेछ ।

ग. वसपार्क क्षेत्रमा क्रियाशिल यातायात मजदुर, यातायात व्यवसायी र होटल व्यवसायीहरुको छाता संगठनका १/१ जना प्रतिनिधि - सदस्य

घ. अर्जुनधारा नगरपालिका वडा नं ११ र विर्तामोड नगरपालिका वडा नं. ५ वडाको समितिले तोकेको वडा सदस्य १/१ जना वडा सदस्य - सदस्य

ङ. स्थानीय समाजसेवीहरु मध्येवाट दुवै पालिकाले तोकेको २/२ जना व्यक्ति - सदस्य

(२) उपदफा (१) वमोजिमको समितिको पहिलो वैठकवाट वुँदा नं (ङ) वमोजिम मनोनित सदस्यहरु मध्येवाट उपाध्यक्ष र सदस्य सचिव चयन गर्नुपर्नेछ ।

(३) समितिको अध्यक्षता गर्दा दुवै अध्यक्षहरुले ६/६ महिनाको आलोपालो मिलाई अध्यक्षता गर्नुपर्नेछ । अध्यक्षता नगरेको अवस्थामा अर्को अध्यक्ष स्वत: सदस्य हुनेछ ।

(४) समितिको वैठकमा स्थानीय ट्राफिक प्रहरी विटका प्रमुख तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) समितिको वैठक कम्तिमा २ महिनामा एक पटक अनिवार्य रुपमा एवं आवश्यकता वमोजिम जुनसुकै समयमा वस्नुपर्नेछ । वैठक सम्वन्धि कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

(६) समितिको कामकारवाहीलाई व्यवस्थित गर्न समितिले १ जना कार्यालय सचिव करारमा नियुक्त गर्न सक्नेछ ।



CamScanner

६. **फिर्ता गर्न सक्ने:**
दफा ५ वमोजिमको समितिमा मनोनित सदस्यहरुलाई मनोनयन गर्ने निकायले जुनसुकै समयमा फिर्ता गरी अर्को व्यक्तिलाई मनोनयन गर्न सक्नेछ ।

७. **कार्यकाल:**
सामान्य अवस्थामा समितिको कार्यकाल ५ वर्षको हुनेछ ।तर, स्थानीय तहको निर्वाचन मार्फत पालिकामा नयाँ प्रतिनिधि आएको अवस्थामा सो भन्दा अगावै समितिको कार्यकाल समापन हुनेछ ।

८. **समितिको काम, कर्तव्य र अधिकार:**
(१) दफा ५ बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:
(क) विभिन्न श्रोतबाट प्राप्त हुने आय बमोजिम बसपार्क क्षेत्रको विकास निर्माण तथा सुव्यवस्थित सञ्चालनका लागि दफा ३ बमोजिम बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्ने,
(ख) बसपार्क क्षेत्रभित्र रहेका पसल व्यवसायहरुलाई मर्यादित एवं सुरक्षित ढंगले व्यवसाय सञ्चालन गर्ने वातावरण मिलाउने,
(ग) बसपार्क क्षेत्रमा हुन सक्ने अवाञ्छित क्रियाकलाप रोक्न सुरक्षा निकायलाई सहयोग गर्ने,
(घ) बसपार्क क्षेत्रको सुव्यस्थित सञ्चालन तथा विकास निर्माणका लागि स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारसँग समन्वय गर्ने,





(ङ) बसपार्क भित्र कुनै विवाद भएमा समाधान गर्ने,
(च) बसपार्क व्यवस्थापनका सम्वन्धमा अन्य कार्यहरु गर्ने,

## परिच्छेद - ४

### खाता सञ्चालन सम्बन्धि व्यवस्था

९. **समितिको खाता सञ्चालन:**
समितिको आय/व्ययका लागि देहाय बमोजिम छुट्टै खाता सञ्चालन गर्नुपर्नेछ ।
(१) समितिको दैनिक प्रशासनिक कार्य सञ्चालन,बसपार्क सञ्चालन तथा नियमित रुपमा गर्नुपर्ने सामान्य मर्मत सम्भार सम्बन्धि खर्चको वार्षिक अनुमान गरी आवश्यक पर्ने रकम समितिको प्रस्तावमा अर्जुनधारा नगरपालिकाले ४० प्रतिशत र बिर्तामोड नगरपालिकाले ६० प्रतिशत उपलब्ध गराउनेछ ।
(२) उपदफा (२) बमोजिम स्वीकृत कार्यक्रम बमोजिम समितिको निर्णयानुसार अध्यक्ष वा निजले तोकेको सदस्य र सदस्य सचिवको संयुक्त दस्तखतबाट खाता सञ्चालन गर्नुपर्नेछ ।
(३) समितिले खर्च गर्दा प्रचलित कानून बमोजिको रीत पुर्याएर मात्र खर्च गर्नुपर्नेछ ।
(४) समितिको आर्थिक कारोबारको लेखा परीक्षण कानुन बमोजिम हुनेछ ।



CS CamScanner

## परिच्छेद - ५

### विविध

**१०. सुरक्षा व्यवस्थापनः**
बसपार्क क्षेत्रको साधारण सुरक्षा व्यवस्थाका लागि समितिले चौकिदारको व्यवस्था गर्न सक्नेछ ।

**११. प्रतिवेदन दिनु पर्नेः**
समितिको वार्षिक प्रतिवेदन समितिले प्रत्येक आर्थिक वर्ष समाप्ति भएको १ महिनाभित्र दुवै पालिकामा बुझाउनुपर्नेछ ।

**१२. संशोधनः**
(१) यस कार्यविधिमा कुनै कुरा संशोधन गर्नुपरेमा अर्जुनधारा नगरपालिकाको समेत परामर्शमा बिर्तामोड नगरपालिकाको नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१३. बाधा अड्काउ फुकाउन सक्नेः**
यस कार्यविधिको पालानका सम्बन्धमा कुनै द्विविधा भएमा एवं यस कार्यविधिमा उल्लेख नभएको कुनै विषयमा निर्णय गर्नु परेमा नगर कार्यपालिकाले निर्णय गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

आज्ञाले
**राधाकृष्ण खतिवडा**
**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner